तादी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ११ मितिः २०७७/०४/२६

**भाग-२**

**तादी गाउँपालिका**

**ज्येष्ठ नागरीक परिचय पत्र वितरण सम्बन्धमा तादी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यबिधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# ज्येष्ठ नागरीक परिचय पत्र वितरण निर्देशिका २०७७

**१ परिचय :**

ज्येष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा,आदर तथा सदभाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची ८ को क्र. स. १६ बमोजिमको कार्य गर्नका लागि ज्येष्ठ नागरिक परिचय पत्र निर्देशिका,२०७७ जारी गरिएको छ ।

**२. परिचय पत्र वितरणका आधार :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए वमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरीक सम्बन्धी नियमावली,२०६५ को नियम १५ अनसार ज्येष्ठ नागरीकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ जागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्धेश्यः**

क) ज्येष्ठ नागरीकहरुको पहिचान गर्ने र स्थानीय तहदेखी नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४. लक्षित वर्गः**

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. ज्येष्ठ नागरिकको वर्गीकरणः**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली,२०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ ।

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असाहय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ.) एकल ज्येष्ठ नागरिक ।

**६. परिचय पत्र वितरणका मापदण्ड :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली ,२०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा :**

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली ,२०६५ को अनुसुची ३ बमोजीमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसुची १ बमोजीमको हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्र आधार बराबरको हुनेछ ।

**८. परिचय पत्र वितरण पक्रिया :**

क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागी नागरिकताको प्रमाण पत्र लाई आधार मानिनेछ ।

ग) ज्येष्ठ जागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लागत तोकिए बमोजिमको सफटवेयरमा कम्प्युटराइज गरी गाउँपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ.) ज्येष्ठ नागरीक परिचय प्रत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडाको सिफारिस सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविध :**

क) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही कार्यकारी प्रमुखले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

## ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय पत्र

फोटो

प.प.नं. :

नाम थर................

ना.प नं. ...............

ठेगाना : जिल्ला............ गाउँपालिका...........

वडा न...............टोल / गाउँ...................

उमेर ............... लिङ्गः....................

उपलब्ध छुट तथा सुविधाहरु...............................

पति / पत्नीको नाम..................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः...........................

संरक्षकको नाम, थर, सम्पर्कक ठेगाना, मोवाईल नं.:....................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम.......................................

प्रमाणित गर्ने अधिकृतको :

दस्तखतः

नाम थर :

पद :

कार्यालय :

## महिला सशक्तिकरण कार्यक्रम(क्षमता अभिवृद्धि तालिम)

| क.स. | कार्यक्रम | समय अवधि | सहभागी संख्या | लागत | अपेक्षा | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सिलाई तालिम | ३ महिना | ४२ | १५ लाख | सिलाई सम्बन्धि सिप प्रदान गरी आत्मनिर्भर बनाउने । | सिकेको सिपलाई उपयोग गर्दै सो सम्बन्धि व्यवसाय शुरु गरेको । | |
| | | | | | | | |

## (ख)।साझा अभियान सम्बन्धि कार्यक्रम

| क.स. | दिवस संचालन | कार्यक्रमको उद्देश्य | सहभागी संख्या | कार्यक्रम संचालन विधि | लागत | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | लैङ्गिक हिसा विरुद्धको १६ दिने अभियान | घरेलु हिंसा,लैङ्गिक हिंसा न्यूनिकरण गर्ने | ८६ | -याली | करीब ४३ हजार | सिकेको सिपलाई उपयोग गर्दै सो सम्बन्धि व्यवसाय शुरु गरेको । | |

## (ग) लैङ्गिक हिंसा विरुद्धका कार्यक्रम

| क.स. | कार्यक्रम | कार्यक्रमको उद्देश्य | कार्यक्रमको ढाचाँ | लागत | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालविवाह विरुद्धको कार्यक्रम | बालविवाह न्यूनिकरण, चेतना अभिवृद्धि | अर्न्तक्रिया | ३३,०००। | बालविवाह न्यूनिकरण र चेतना अभिवृद्धिमा सहयोग । | |

## (घ)लैङ्गिक हिंसा पिडित प्रभावितहरुको उद्धार/राहत

| क.स. | हिंसाको प्रकार | **उद्धार/राहत** | महिला बालबालिका/अन्य | सेवाको प्रकार | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लै ङ्गिक | ४२ | १५ लाख | सिलाई सम्बन्धि सिप प्रदान गरी आत्मनिर्भर बनाउने । | सिकेको सिपलाई उपयोग गर्दै सो सम्बन्धि व्यवसाय शुरु गरेको । | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| क.स. | कार्यक्रम समय अवधि | सहभागी संख्या | लागत | अपेक्षा | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिलाई तालिम | ४२ | १५ लाख | सिलाई सम्बन्धि सिप प्रदान गरी आत्मनिर्भर बनाउने । | सिकेको सिपलाई उपयोग गर्दै सो सम्बन्धि व्यवसाय शुरु गरेको । | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| क.स. | कार्यक्रम समय अवधि | सहभागी संख्या | लागत | अपेक्षा | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिलाई तालिम | ४२ | १५ लाख | सिलाई सम्बन्धि सिप प्रदान गरी आत्मनिर्भर | सिकेको सिपलाई उपयोग गर्दै सो सम्बन्धि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बनाउने । | व्यवसाय शुरु गरेको । | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आज्ञाले,

(दीपक दाहाल)

प्रमुख प्रशासकीय अधिकृत